# योजना सम्झौता र बैंक खाता सञ्चालन

## पृष्ठभूमि

स्थानीय सरकारहरू जनभावना अनुरुप परिचालित हुने संघीय व्यवस्थाको मूल मर्मलाई मूख्य कर्म बनाउँदै ७५३ स्थानीय पालिकाहरूले गाउँगाउँमा सिहंदरबार पुऱ्याई सुखी र समृद्ध नेपालको सपना आत्मसात गरेका छन् । आ-आफ्नो कार्यक्षेत्रभित्र सरल र सहज सेवाप्रवाह गर्नमा स्थानीय सरकारहरू स्वतन्त्र भएको संवैधानिक प्रावधान र जनचाहनाले गर्दा उदाहरणीय असल अभ्यास भइरहेका छन् ।

## मालारानी गाउँपालिकाको अभियान

१०१.०६ वर्ग कि.मी. क्षेत्रफल, २८,०४४ जनसंख्या र ९ वटा वडाका छरिएका बस्तीहरूमा सेवासुविधा पुऱ्याउँन धेरै प्रकारका असहजता छन् । पहाडि क्षेत्रको यस गाउँपालिकाको ९० प्रतिशतभन्दा बढि बजेट संघ र प्रदेश सरकारबाटै प्राप्त हुन्छ । पालिकाको केन्द्रसम्म आइपुग्ने पर्याप्त व्यवस्था छैन । भौगोलिक विकटता र गरिवीको सघनता अत्याधिक छ । न्यून आय भएका समुदायहरू बढी छन् । यिनै विषयहरूलाई दृष्टिगत गरी देहायको कार्यलाई अभियानका रुपमा सञ्चालन गरिएको छ ।

## योजना सम्झौता, अभिमुखीकरण र बैंक खाता

यस अभियानलाई गत आ.व.मै २०७५।०८।२७ को कार्यपालिकाको निर्णय भएपछि आरम्भ गरियो भने यस आ.व.को २०७६।०३।२५ को गाउँसभाबाट पारित भई कार्यान्वयन भइसकेको छ । पालिका र वडास्तरका तथा संघ र प्रदेशस्तरका सम्पूर्ण योजनाहरूको प्राविधिकबाट लागत अनुमान तयार भएपछि पालिकाका कर्मचारीहरू तोकिएको स्थानमा पुगेर सफ्टवेयरमार्फत योजना सम्झौता गरी कार्यादेश प्रदान गरिन्छ र सम्बन्धित् बैंकले उपभोक्ता समितिको नाममा खाता सञ्चालन गर्दछ । सम्पूर्ण उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना सञ्चालनदेखि भुक्तानीसम्म अपनाउनु पर्ने प्रक्रियाका बारेमा विस्तृत जानकारी गराइन्छ ।

## गत आ.व.को विवरण

| वडा नं. | मिति | योजनाहरु | सम्झौता योजनाहरु | स्थान |
|---|---|---|---|---|
| १ | २०७५।०९।२८ | १९ | १७ | मरेङ |
| २ | २०७५।०९।३० | १५ | ११ | डाँडाकटेरी |



प्रमुख प्रशासकिय अधिकृत

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह-अर्घाखाँची
५ नं. प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७५।१०।०५ | ११ | ९ | बामरुक |
| ९ | २०७५।१०।०७ | २३ | १७ | गोखुङ्गा |
| ८ | २०७५।१०।२० | १४ | १० | हंसपुर |
| ५ | २०७५।१०।२३ | १९ | १६ | बाँगी |
| ६ | २०७५।१२।११ | ११ | ७ | रतनमारे |
| | वडा नं. ३ र ४ को पालिकामै भएको | | | |

चालु आ.व.को विवरण

| वडा नं. | मिति | योजनाहरु | सम्झौता योजनाहरु | स्थान |
|---|---|---|---|---|
| ०६ | २०७६।०७।०२ | ३३ | २६ | रतनमारे |
| ०१ | २०७६।०८।०९ | १७ | ११ | मरेङ |
| ०७ | २०७६।०९।०१ | २२ | १८ | बामरुक |
| ०२ | २०७६।०९।१८ | २४ | १२ | डाडाँकटेरी |
| ०८ | २०७६।०९।२२ | २५ | १६ | हंसपुर |
| ०४ | २०७६।०९।२४ | ४१ | २१ | खन |
| ०३ | २०७६।०९।२७ | ३४ | ३३ | खनदह |
| ०५ | २०७६।१०।१० | ३९ | ३१ | बाँगी |
| ०९ | २०७६।१०।१२ | ४३ | २६ | गोखुङ्गा |

**वैशाखभरमा योजना सम्पन्न**

तोकिएको समयमा कार्यसम्पन्न नगरेमा एक महिनासम्मको लागि योजनाको तीन प्रतिशत र दुई महिना ढिलो गरेका पाँच प्रतिशत रकम कट्टा गरी सञ्चित कोषमा राखिसकिएको छ। यहाँ वैशाखसम्म सम्पूर्ण योजनाहरू सम्पन्न गरिसक्नुपर्ने निर्णय भएकोले असारे विकासको अन्त्य भई आगामी आ.व.को योजना तर्जुमामा प्रभावकारीता आउनेछ। यस बारेमा न्यूज ट्वाण्टीफोरमा पनि प्रसारण भएको हो।

**उपलब्धीहरू**

यस अभियानले प्रत्येक उपभोक्ता समितिका खाता सञ्चालकहरू पालिकाको केन्द्रसम्म धाउनु परेन। कार्यालयमा उपभोक्ताहरूको भिडभाड नलाग्ने र गाउँगाउँमा सिंहदरबारको अभ्यास पनि भयो। लाभान्वित उपभोक्ताहरूले प्रत्यक्ष रुपमा अवलोकन गर्दै आफ्ना





नि प्रमुख प्रशासकिय अधिकृत


मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह-अर्घाखाँची
५ नं. प्रदेश नेपाल


समस्या र जिज्ञासा राख्न पाए भने नियमित सेवामा थप सुधारका लागि पृष्ठपोषण प्राप्त गर्न सकियो । यसको अनुसरण छिमेकी पालिका छत्रदेवले गरिसकेको छ । उपभोक्ता समिति र सबै पक्षले अझ सुव्यवस्थित बनाउँदै सुनमा सुगन्ध थप्ने अपेक्षा गरेका छन् । आगामी दिनहरूमा अन्य सेवाहरू पनि सोही अभियानमा समावेश गर्ने सोंच रहेको छ ।

**अभियानका तस्वीरहरू**










**जय मालारानी ।**

*तयार पार्ने : प्रमुख प्रशासकीय अधिकृत*



नि प्रमुख प्रशासकिय अधिकृत